# पाठ्यपुस्तक वितरणका लागि अनुरोध सम्बन्धी सूचना १

(प्रथम पटक प्रकाशन मिति २०७६।०१।०३)

शैक्षिक सत्र २०७६ का लागि कक्षा १ देखि ४ सम्मका पाठ्यपुस्तक जनक शिक्षा सामग्री केन्द्र लिमिटेड र निजी मुद्रकबाट तथा कक्षा ५ देखि १० सम्मका पाठ्यपुस्तक जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट आवश्यक सङ्ख्यामा छपाइ भई देशका विभिन्न प्रदेश तथा क्षेत्रतहरूका विक्रेताहरूसम्म पुऱ्याइसकेको जानकारी प्राप्त भएकाले सम्बन्धित स्थानीय तहहरूले समयमै पाठ्यपुस्तकको अनुदान रकम विद्यालयमा निकासा गरिदिनुहुन, सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइहरूले पाठ्यपुस्तक वितरण कार्यमा आवश्यक सहजीकरण गरिदिनुहुन र विद्यालयहरूले विद्यार्थी भर्ना हुँदाका वखत नै विद्यार्थीहरूलाई सेटगत रूपमा पाठ्यपुस्तक उपलब्ध गराउनुहुन सम्बन्धित विद्यालयहरूलाई अनुरोध गरिन्छ । साथै अभिभावक, शिक्षक, विद्यार्थी, शिक्षाप्रेमी, वुद्धिजीवि, सञ्चारकर्मीलगायत आम सरोकारवालाहरूलाई यस कार्यमा आवश्यक सहयोग पुऱ्याइदिनुहुन अनुरोध छ ।

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी भक्तपुर